राष्ट्रियता लोकतन्त्र समाजवाद

# नेपाली कांग्रेस

## प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन – २०७९

## केन्द्रीय परिचालन समिति




## निर्वाचन अनुगमन तथा अनुशासन उपसमिति

## प्रतिवेदनको प्राप्ति तथा निष्कर्ष

केन्द्रीय कार्यालय

बी. पी. स्मृति भवन

ललितपुर

पुस, २०७९

निर्वाचन अनुगमन तथा अनुशासन उपसमिति

२०७८ साल असार २९ गते प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा गठन भएको सरकारको मुख्य उद्देश्य सत्ता साझेदारी मात्र नभई संविधानको पूर्ण कार्यान्वयन गरी लोकतन्त्रको संरक्षण गर्नु पनि हो। संविधानले प्रत्याभूत गरेको सङ्घीय व्यवस्थालाई कार्यान्वयन गर्न; स्थानीय, प्रादेशिक र सङ्घीय निर्वाचनलाई तोकिएको समयमा सम्पन्न गरी संविधानको पूर्ण कार्यान्वयन गर्ने जिम्मेवारी नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारको काँधमा रहेको छ। त्यसअनुरूप नेपाली कांग्रेसको नेतृत्वको सरकारले स्थानीय तह, प्रदेश र प्रतिनिधि सभाको शान्तिपूर्ण वातावरणमा एकै दिनमा सम्पन्न गरेर एउटा महत्वपूर्ण जिम्मेवारी पूरा गरेको छ। यसको साथै नेपालको लोकतन्त थप मजबुत र बलियो भएको छ।

नेपाली कांग्रेसले प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन – २०७९ मा नेपाली कांग्रेसलाई अत्याधिक स्थानमा विजयी गराउन विभिन्न समिति र उपसमितिहरूको गठन गऱ्यो। विभिन्न उपसमितिमध्ये अनुगमन तथा अनुशासन उपसमिति समेत एक हो। निर्वाचन अनुगमन तथा अनुशासन उपसमिति प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन – २०७९ का विभिन्न कार्यक्रमहरू के-कसरी गइरहेको छ भन्ने विषयमा मिहिन रूपमा अध्ययन गरेको थियो। ती विभिन्न कार्यहरूमाः गठबन्धनको स्थिति के कस्तो रहको, उमेद्वारको बारेमा आम मतदाताको धारणा, घोषणापत्रको विषयवस्तु आम मतददाताको पुगेको वा नपुगेको, प्रचार प्रसारको अवस्था, मतदाता शिक्षा प्रभावकारिता, नेपाली कांग्रेसका भातृ संघ तथा शुभेच्छुक संघ तथा संस्थाहरूको सहभागिता लगायतका विषयवस्तुलाई आधार बनाइएको।


प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन – २०७९, केन्द्रीय परिचालन समिति अन्तर्गतको अनुगमन तथा अनुशासन उपसमितिले Google Form, प्रत्यक्ष भेटेर तथा टेलिफोन संवादको आधारमा लिएको सूचनालाई वस्तुगत रूपमा अध्ययन गरेर सोको जानकारी केन्द्रीय परिचालन समितिका संयोजक,नेपाली कांग्रेसका उपसभापति लगायतलाई निर्वाचन पूर्व नै जानकारी गराइएको थियो। यो उपसमितिले तयार गरेको प्रतिवेदन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा तथा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन – २०७९, केन्द्रीय परिचालन समितिका संयोजक गोपालमान श्रेष्ठलाई बुझाएको थियो। यसका साथै प्रतिवेदनको सारांश केन्द्रीय परिचालन समितिको बैठकमा समतिका सह-संयोजकले प्रस्तुत गर्नु भएको थियो। उक्त प्रतिवेदनका मुख्य प्राप्ती तथा निष्कर्षहरु निम्न बमोजिम रहेको कुरा यहाँहरु समक्ष अवगत गराउँदछु।

- प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को नतिजाले नेपाली कांग्रेसलाई प्रतिनिधि सभा र प्रदेश सभा दुवै स्थानमा ठूलो दलको रूपमा उपस्थित रहेको ।
- प्रतिनिधि सभातर्फको २७५ सिटमा नेपाली कांग्रेसले प्रत्यक्षमा ५७ र समानुपातिकमा ३२ समेत गरी ८९ स्थानमा विजय हाँसिल गरेको ।
- यस्तै ५५० सिट रहेको प्रदेश सभामा प्रत्यक्षतर्फ १११ र समानुपातिकतर्फ ६४ समेत गरी १७५ सिटमा जित निकाल्न सफल ।
- नेपाली कांग्रेसले ५७ सिटमा विजय हाँसिल गरेर पहिलो दलको रूपमा स्थापित गराएता पनि २०७४ सालको निर्वाचनमा अपेक्षाकृत रूपमा राम्रो रहेको मधेश प्रदेश (प्रदेश २) र लुम्बिनी प्रदेश (प्रदेश ५) मा नेपाली कांग्रेसको नतिजा सन्तोषजनक रहन सकेन ।
- नेपाली कांग्रेसले प्रतिनिधिसभातर्फ समानुपातिकतर्फ भने २०७४ को तुलनामा करिब ७ % मत गुमाएको छ । यस्तै प्रदेश सभामा समेत नेपाली कांग्रेसले मत गुमाउन पुगेको छ । जसको कारण नेपाली कांग्रेसले प्रतिनिधि सभा र प्रदेश सभा दुवै स्थानमा २०७४ को तुलनामा समानुपातिकमा ८/८ सिट गुमाउन पुग्यो । समानुपतिकतर्फ प्रतिनिधि सभामा ३२ सिट र सातवटै प्रदेशमा गरी ६४ सिटमा निर्वाचित भएको छ ।

**चित्रगत रूपमा प्रस्तुती:**

**प्रतिनिधि सभाको नतिजा**


प्रतिनिधि सभामा प्रदेशगत रूपमा नेपाली कांग्रेसको उपस्थिति





निर्वाचन तथा अनुगमन उपसमिति

## १ र ५ % भन्दा कम मतान्तरले विजयी तथा पराजित उमेद्वारको संख्या

प्रतिनिधि सभा निर्वाचन – २०७९ मा १ % भन्दा कम मतको फरकमा विजयी उम्मेदवारको संख्यालाई दलगत रूपमा तलको चित्रमा प्रस्तुत गरिएको छ।





प्रतिनिधि सभा निर्वाचन – २०७९ मा १ % भन्दा कम मतको फरकमा प्रत्यासी बनेका उम्मेदवारको संख्यालाई दलगत रूपमा तलको चित्रमा प्रस्तुत गरिएको छ।



### ५०० भन्दा कम मतान्तरले विजयी तथा पराजित उमेद्वार

प्रतिनिधि सभा निर्वाचन – २०७९ मा ५०० भन्दा कम मतले विजयी उम्मेदवारको संख्या १७ रहेको छ । १०० भन्दा कम मतले नेपाली कांग्रेसको उम्मेदवार निकटतम हुन भएको थियो । प्रतिनिधि सभा निर्वाचन – २०७९ मा ५०० भन्दा कम मतले प्रतिनिधि सभामा विजयी र प्रत्यासी उम्मेदवारको संख्या देहाए बमोजिम छ ।





### प्रतिनिधि सभामा २०७४ र २०७९ मा प्रत्यक्षतर्फ प्रमुख तीन दलको उपस्थिति

प्रतिनिधि सभा सदस्य निर्वाचन – २०७४ र २०७९ मा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को उपस्थित देहाय बमोजिमको तालिका र चित्रमा प्रस्तुत गरिएको छ ।

| दल | २०७४ | २०७९ | फरक |
|---|---|---|---|
| नेपाली कांग्रेस | २३ | ५७ | ३४ |
| नेकपा (एमाले) | ८० | ४४ | -३६ |
| नेकपा (माके) | ३६ | १८ | -१८ |


(स्रोतः निर्वाचन आयोग)





चित्र प्रतिनिधि सभा सदस्य निर्वाचन २०७४ र २०७९ मा तीन दलको उपस्थिति

## प्रदेश सभाको नतिजा

प्रदेशगत रूपमा नेपाली कांग्रेसको उम्मेदवारी र विजय





प्रदेश सभा निर्वाचन – २०७९ मा १ % भन्दा कम मतको फरकमा जितका दलको संख्यालाई तलको चित्रमा प्रस्तुत गरिएको छ।





चित्र प्रदेश सभामा १% भन्दा कम मतको फरकमा विजयी दलगत संख्या

प्रदेश सभा निर्वाचन – २०७९ मा १ % भन्दा कम मतको फरकमा प्रत्यासी बनेका उम्मेदवारलाई दलगत रूपमा तलको चित्रमा प्रस्तुत गरिएको छ।





चित्र प्रदेश सभामा १% भन्दा कम मतको फरकमा प्रत्यासी दलगत संख्या

प्रदेश सभा निर्वाचन – २०७९ मा ५०० भन्दा कम मतले विजयी उम्मेदवारको संख्या ४७ रहेको छ। १०० भन्दा कम मतले विजय उम्मेदवारको संख्या ११ रहेको छ।




## २०७४ र २०७९ को तुलना


### प्रतिनिधि सभा





### प्रदेश सभा



प्रतिनिधि सभा र प्रदेस सभा (प्रत्यक्ष र समानुपातिक)





केन्द्रीय पदाधिकारी र जिल्ला सभापतिको उम्मेदवारी तथा विजय





| | प्रतिनिधि सभा | | | प्रदेश सभा | | |
|---|---|---|---|---|---|---|
| | उम्मेदवारी | विजय | प्रत्यासी | उम्मेदवारी | विजय | प्रत्यासी |
| केन्द्रीय कार्यसमिति | ५० | ३४ | १६ | ११ | ८ | ३ |
| जिल्ला सभापति | १३ | ९ | ४ | १८ | १३ | ५ |

## समानुपातिक मतमा जिल्लागत र प्रतिनिधि सभा सदस्य निर्वाचन अनुरूप उपस्थिति




| | नेकपा (एमाले) | नेकपा (माके) | रास्वपा | जनमत पार्टी | नेपाली कांग्रेस | जसपा, नेपाल | राप्रपा |
|---|---|---|---|---|---|---|---|
| जिल्ला | ४६ | ५ | २ | २ | २२ | ० | ० |
| प्रतिनिधि सभा | ७४ | ९ | १५ | ६ | ५५ | ५ | १ |

## समनुपातिकमा नेका र रास्वपा



**निष्कर्ष:**

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन – २०७९ मा नेपाली कांग्रेस प्रतिनिधि सभा र प्रदेश सभा दुवैमा पहिलो पार्टीको रूपमा स्थापित भएको छ । प्रतिनिधि सभा तर्फको प्रत्यक्षतर्फको १६५ स्थानमा नेपाली कांग्रेसले ५७ स्थानमा विजय हाँसिल गरेको थियो । त्यस्तै प्रदेशतर्फको ३३० स्थानमा १११ स्थानमा विजय भएको थियो । २०७४ को तुलनामा प्रत्यक्षतर्फ नेपाली कांग्रेसले प्रतिनिधि सभामा ३४ स्थान र प्रदेश सभामा ७० स्थानमा बढी जित निकालेको थियो ।

**सुझाव**

- लोकतान्त्रिक पद्दतिको विकास सुरुवाती चरणमा रहेको वर्तमान स्थितिमा छुट्टा-छुट्टै राजनैतिक, सामाजिक र आर्थिक एजेन्डा बोकेका राजनीतिक दलका आ–आफ्नै रणनीति, कार्यनीति भएको हुँदा अन्य दलसँगको सहकार्यले नेपाली कांग्रेसलाई के – कति फाईदा वा क्षति भयो ? कार्यकर्तालाई यसको जवाफ दिनुपर्ने ।
- आगामि दिनमा नेपाली कांग्रेसले पार्टीको स्पष्ट राजनीतिक, सामाजिक र आर्थिक एजेन्डा आफ्ना कार्यकर्तामार्फत आम नागरिक समक्ष पुऱ्याउने र लोकतन्त्रलाई संस्थागत गर्नको लागि पार्टीको स्पष्ट धारणा निर्माण गर्ने ।
- नेपाली कांग्रेसले समयक्रममा फेरिइरहने मतदाताको मनोविज्ञान बुझ्ने, नयाँ मतदातालाई आकर्षित गर्ने र उनीहरू लक्षित कार्यक्रम बनाउने विषयलाई प्राथमिकतामा राख्ने ।
- समकालीन विमर्शहरूमा आफूलाई अद्यावधिक गर्दै प्रजातान्त्रिक विचारधारा भएका व्यक्तिहरूसँग निरन्तर समन्वय, संवाद र छलफल गरी लोकतन्त्रमा विश्वास राख्ने जमातलाई नेपाली कांग्रेसतर्फ आकर्षित गर्ने कार्ययोजना तयार गर्ने ।
- नेपाली कांग्रेसले निरन्तर रूपमा र निर्वाचनको समयमा झन बढी कांग्रेसका शुभेच्छुक शुभचिन्तक, पहिले कांग्रेसमा सक्रिय भई विभिन्न कारण हाल पार्टीको दैनिक गतिविधिमा सक्रिय हुन नपाएका र नरहेका प्रबुद्ध व्यक्तिसँग निरन्तर संवाद तथा अन्तरक्रिया गर्ने, उहाँहरूका आलोचनात्मक सुझाव लिन प्रयत्न गर्ने र त्यस सुझावका आधारमा पार्टीका कमी कमजोरी सच्याउनु पर्ने ।
- सामाजिक संघ – संस्थाहरूसँग सहकार्य गर्ने तथा चुनाव लक्षित सहयोगी हातहरूलाई क्रियाशील गर्न नेपाली कांग्रेसमा आस्था राख्ने पेशा व्यवसायीहरूको सूची तयार गरी चुनावी एजेन्डामा समाहित गराउन प्रयत्न गर्ने ।
- भातृ संघ तथा शुभेच्छुक संस्थाको विधान बमोजिम तोकिएको समयमा नै नेतृत्व चयन गर्ने ।

- निर्वाचनका समयमा गरेको प्रतिबद्धताहरू पूरा गरेको नगरेको जस्ता विषयमा छुट्टै इकाइ गठन गरी आवधिक रूपमा कार्यप्रगति विवरण लिने साथै आवश्यकता अनुसार सल्लाह, सुझाव र निर्देशन दिनुपर्ने ।
- रोजगारका लागि अन्यत्र गएर बसोबास गर्ने मतदाताहरूको लागि आधुनिक प्रविधिको प्रयोग गरी आफू बसेको स्थानबाट मताधिकार प्रयोग गर्न पाउने व्यवस्थाका लागि सरकार तथा निर्वाचन आयोगलाई सुझाव दिने ।
- काम विशेषले आफ्नो घर वा मतदाता नामावली नभएको स्थानमा भएका मतदातालाई मतदानमा सहभागी गराउन विशेष कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्ने ।
- वर्तमान चुनावी व्यवस्था माथि हुने गरेको टीका टिप्पणीलाई कम गर्न नेपाली कांग्रेसले आफ्नो र समग्र देशको चुनावी खर्च कम गराउन प्रविधिमैत्री  निर्वाचन प्रणालीको विकास गर्नुपर्ने ।
- निर्वाचनमा वित्तीय अनुशासनको लागि कानुनी व्यावस्था गर्न अन्य दलहरू र निर्वाचन आयोगसँग समन्वय गरी अघि बढ्ने ।
- पार्टीले केन्द्रीय तहबाट समेत प्रशिक्षण, मूल्यांकन, पुरस्कार र दण्डको व्यवस्था गरी देशैभरि एकरूपता कायम गर्नुपर्ने ।
- नेपाली कांग्रेस नेतृत्वका स्थानीय सरकारहरू जनमुखी, विकासमैत्री र सेवादायी भएको सन्देश दिएर भिन्न देखिनु पर्ने । जसले गर्दा व्यक्तिका कमजोरीबाट पार्टी पंक्तिलाई हुने क्षति न्यूनीकरण गरी पार्टीको एजेन्डा कुशलताका साथ कार्यान्वयन गर्न सकिन्छ ।
- नेपाली कांग्रेस आवधिक निर्वाचनको पक्षमा छ । तसर्थ नेपाली कांग्रेस र आवद्ध भातृ संगठनहरूको संरचनागत स्वरूप निर्वाचनमुखी समेत हुनुपर्ने ।
- नेपाली कांग्रेसका जुनसुकै तहका नेताले पनि निर्वाचन प्रचारका क्रममा ज्यादै सोच विचार गरेर पार्टीलाई लाभहुने (कुनै पनि पक्षबाट क्षति नहुने) अभिव्यक्ति दिनुपर्ने । आफ्नो परिवेश भन्दा बाहिर गएर अभिव्यक्ति दिदा त्यहाँको परिवेश बुझ्ने, स्थानीय साथीहरूसँग परामर्श लिएर मात्रै अभिव्यक्ति दिनु पर्ने ।
- स्वतन्त्र उमेद्वारहरूको विजयले लोकतान्त्रिक विधिमा जनता नै न्यायाधीश हुन्छन भन्ने मान्यता पुष्टि भएको छ । लोकतान्त्रिक विधिको लागि लडेको नेपाली कांग्रेसले यसलाई सकारात्मक रूपमा लिनुपर्छ तर लोकतन्त्रप्रति प्रतिबद्ध जनमत विभाजित भएको चुनौति समेत नेपाली कांग्रेसलाई थपिएको छ । त्यसकारण आगामी दिनमा नेपाली कांग्रेसले आफूभित्रको कमीकमजोरीलाई समीक्षा गर्दै सच्चिने र पार्टीलाई एजेन्डामुखी बनाउने दिशातर्फ उन्मुख हुने ।
- नेपाली कांग्रेसले पार्टीमा नियमित अनुसन्धान, अनुगमन तथा मूल्यांकन कार्यहरूको लागि अनुगमन तथा मूल्याकंन विभागले नियमित काम लगाउने गरी स्थायी रूपमा काम गर्ने इकाइ

स्थापना गर्नुपर्ने । उक्त इकाइले पार्टीका सम्बन्धित निकायहरूलाई आकांक्षी उमेद्वारहरूको लोकप्रियता सम्बन्धित सर्वेक्षण लगायतका कार्यहरूमा सहयोग गर्ने ।

- विदेशमा राजनीतिक दलले प्राप्त गर्ने मतका आधारमा राज्यले नै आर्थिक सहयोग उपलब्ध गराउने भए पनि नेपालमा यस्तो व्यवस्था नहुँदा दलले संघसंस्था र व्यक्तिबाट चन्दा लिँदै आएका छन् । तसर्थ दलले प्राप्त गरेको मतको आधारमा राज्यबाट अनुदान दिने व्यवस्था गर्ने ।
- निर्वाचनमा असर पार्ने विषयवस्तु जस्तैः उम्मेदवार छनौट, घोषणापत्र, प्रचार-प्रसार, मतदाता शिक्षा, लगायतका व्यवस्थापकीय कार्यमा विशेष जोड दिनु आवश्यक छ ।
- नेपाली कांग्रेसको परिपत्र बमोजिम प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन – २०७९ मा पार्टीको निर्देशन बाहिर रही कार्य गरेको ठहरिएमा जिल्लाले सिफारिस गरी पठाएको व्यक्तिहरूलाई पुनः पार्टीमा प्रवेश गर्न नपाउने गरी पार्टीबाट निस्कासन गर्नुपर्ने । साथै उम्मेदवारले सिफारिस गरेका व्यक्तिको हकमा भने अनुशासन समितिले अनुगमन गरी निर्णय गर्नुपर्ने ।
- नेपाली कांग्रेसले स्वतन्त्र उमेद्वार विजयी भएका स्थानमा भएका कमीकमजोरीलाई मूल्यांकन र आत्मसात गर्न ढिलाइ गर्नुहुँदैन । यसका साथै आजको युवाहरूले कुनै वाद वा परम्परागत सैद्धान्तिक व्याख्या भन्दा पनि कुन कार्यक्रम संभाव्य छ, एजेन्डा र प्रस्तावित कार्यक्रम कति कार्यान्वयन योग्य छ भनेर अवलोकन गर्ने र त्यसमा नै आफ्नो भबिष्य देख्ने भएकोले यथार्थ परक कार्यक्रम तथा एजेन्डा ल्याउनु जरूरी छ ।
- आम जनतासँग सहज ढंगबाट जोडिन वा हाम्रा ऐतिहासिक योगदान, वर्तमान गतिविधि र सुन्दर भविष्य निर्माण गर्ने हाम्रा भावी कार्ययोजना सहज र सरल माध्यमबाट प्रस्तुत गर्न वेबसाइटको नियमित अध्यावधिकी गर्ने ।
- आदर्श, कार्यक्रम, समयानुकूल एजेन्डाहरू तथा सामाजिक न्याय जस्ता विविध मुद्दाहरूको विषयमा पार्टी आम नागरिकसँग सहज रूपमा जोडिन आवश्यक छ ।
- क्रियाशिल सदस्यको नविकरण र वितरण प्रत्येक बर्ष विधानमा व्यवस्था भए बमोजिमको समयसिमा भित्रमा गर्ने ।
- पार्टीको आन्तरिक चुनाव हरेक बर्ष गर्ने गरी कार्यतालिका तयार गर्ने । यसरी तयार गर्दाः (१) पहिलो बर्षमा वडा ईकाई समिति, (२) दोस्रो बर्षमा प्रदेश सभा निर्वाचन क्षेत्र र प्रतिनिधि सभा निर्वाचन क्षेत्र, (३) तेस्रो वर्ष जिल्ला कार्यसमिति र प्रदेश अधिवेशन, र (४) चौथो बर्षमा केन्द्रीय नीति अधिवेशन, महाधिवेशन र केन्द्रीय कार्यसमितिको छनौट गर्ने । यसरी कार्यान्वयनमा गएको अवस्थामा कांग्रेसको आन्तरिक निर्वाचन र महाधिवेशनको कारण स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा पर्न जाने असरलाई न्युनीकरण गर्न सकिन्छ ।
- नेपाली कांग्रेसका केन्द्रीय विभागहरूलाई तुरुन्त पुर्णता दिने ।
- संगठन विस्तारको लागि विभिन्न नीति, रणनीति र कार्यनीतिहरू तय गर्ने ।

**आगामी रणनीति**

| **नीति** | **कार्यनीति** |
|---|---|
| संगठन विस्तार | - केन्द्रीय नीति, अनुसन्धान र प्रशिक्षण प्रतिष्ठानलाई पुर्णता दिने ।<br>- केन्द्रीय विभागहरूलाई तुरुन्त पुर्णता दिने ।<br>- नेपाली कांग्रेसको विधान बमोजिम स्थापना भएका भातृ संघ तथा शुभेच्छुक संस्थाहरूको नेतृत्व समयमा नै चयन गर्ने । |
| प्रशिक्षण | - केन्द्रीय नीति, अनुसन्धान र प्रशिक्षण प्रतिष्ठानले विधानले प्रदान गरेको कार्य गर्ने ।<br>- नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) ले व्यवस्था गरे बमोजिमका सबै तहमा प्रशिक्षण दिने । |
| वैचारिक वहस | - पार्टीको छुट्टै थिंक टैंकको व्यवस्था गर्ने । यस्तो थिंक टैंकले पार्टीको लागी आवश्यक पर्ने विविध विषयमा सहि सूचना तय गर्ने । पार्टीको नेतृत्वले सार्वजनिक ठाउमा कुनै बिषयको बारेमा बोल्दा थिंक टैंकले तयार गरेको सूचनालाई आधार बनाउने ।<br>- विश्वको वदलिदो परिवेशलाई मध्ये नजर गर्दै लोकतन्त्रको संस्थागत विकास र सवलीकरणको लागी छलफल तथा अन्तर्क्रिया कार्यक्रम गर्ने साथै राष्ट्रिय र अन्तराष्ट्रिय सेमिनारमा भाग लिने र लिन लगाउने । |
| पार्टी अडिट | - पार्टीले गरेका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्र बनाई 'पार्टी अडिट' गर्ने पद्दती बसाल्ने । |
| नागरिकप्रति  उत्तरदायी | - आम नागरिकले दैनिक रुपमा भोग्नु परेक समस्याको बारेमा जानकारी लिदै सोको समाधानको लागी सम्बन्धित निकायमा अ-आफ्नो ठाउबाट सबैले सहयोग गर्ने ।<br>- आम नागरिकलाई कानुनी राज्यको प्रत्याभुती दिलाउने कार्यको जिम्मेवारी लिने । |

**जय नेपाल !**

**धन्यवाद !**